लेखापरीक्षण बुलेटिन

महालेखा परीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष १, अंक २, २०७४ श्रावण, (Year 1, Issue 2, July/Aug 2017)

नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरूसँग छलफल तथा अन्तरक्रिया



नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रममा सहभागी हुँदै माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल), मुख्य सचिव श्री राजेन्द्रकिशोर क्षेत्री, व्यवस्थापिका संसद सचिवालयका महासचिव श्री मनोहरप्रसाद भट्टराई, सर्वोच्च अदालतका मुख्य रजिष्टार श्री नहकुल सुवेदी लगायतका पदाधिकारीहरु

२०७४ श्रावण १८, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालबाट मुख्य सचिव श्री राजेन्द्रकिशोर क्षेत्री, महासचिव व्यवस्थापिका संसद सचिवालय श्री मनोहरप्रसाद भट्टराई, सर्वोच्च अदालतका मुख्य रजिष्टार श्री नहकुल सुवेदी र नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुको समुपस्थितीमा आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षण योजना सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

उक्त छलफलमा माननीय महालेखा परीक्षकज्यूले यस वर्षको लेखापरीक्षण कार्यतालिका, जनशक्तिको परिचालन र लेखापरीक्षण गरिने निकायको दायित्वका सम्वन्धमा जानकारी गराउनु भयो। यस अवसरमा उहाँले आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षण तीन चरणमा सम्पन्न गर्ने गरी २०७४ साल श्रावण १५ गतेबाट २०७४ साल माघ मसान्तसम्म लेखापरीक्षण टोली खटाइने कार्यक्रम रहेको र यसक्रममा काठमाण्डौ उपत्यकाका तीन र १० वटा हिमाली जिल्लाहरुमा लेखापरीक्षण टोली परिचालन भइसकेको जानकारी गराउनु भयो।

नेपालको संविधानमा व्यवस्था भए बमोजिम नेपाल सरकारका सबै निकायहरु तथा नेपाल सरकारको पूर्णस्वामित्वमा सञ्चालीत सार्वजनिक संस्थानहरु सहित करिब ५,५०० निकायहरुको नियमितता र वित्तिय लेखापरीक्षण, ६२ विषयको सामयिक, १० विषयमा कार्यमूलक, १/१ विषयमा वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गरिने जानकारी गराउनुभयो। साथै उहाँले यस वर्षबाट लेखापरीक्षणको क्रममा निकायहरुको सार्वजनिक जवाफदेहिताका सूचकहरु मार्फत मूल्यांकन गरि वित्तिय अनुशासन पालनाको ग्रेडिङ गर्ने परिपाटी आरम्भ गर्ने बताउनु भयो । लेखापरीक्षणको समयमा आवश्यक परे प्राविधिक परिक्षण तथा स्थलगत निरिक्षण गरिने, सार्वजनिक

क्रमशः पृष्ठ ४ मा

यस मित्र

क्र.सं.	विषय	पेज नं.
१.	महालेखा परीक्षक ज्यूको संयुक्त राष्ट्रसंघीय बैठकमा सहभागीता	३
२.	सञ्चारकर्मिहरुसँग लेखापरीक्षणका विविध पक्षमा छलफल	३
३.	लेखापरीक्षक उपर कारबाहीका लागि निर्देशन	४
४.	महालेखा परीक्षकबाट लेखापरीक्षण टोलीलाई निर्देशन	५
५.	**Audit Process** (कविता)	५
६.	स्थानीय तहको लेखा तथा लेखापरीक्षण सम्बन्धमा अवलोकन भ्रमण	६
७.	नेपाल धितोपत्र बोर्डका अध्यक्षसँग छलफल	६
८.	सुशासन (कविता)	६
९.	त्रिभुवन विश्वविद्यालय र नेपाल खानेपानी संस्थानका पदाधिकारीहरुसँग छलफल	७
१०.	बार्षिक लेखापरीक्षण योजना, २०७४	८
११.	सरकारी लेखापरीक्षकको आचार संहिता, २०७० को परिच्छेद-२ अन्तर्गत आचरण सम्बन्धी आधारभूत सिद्धान्तहरु	१०
१२.	महालेखा परीक्षकको कार्यालयबाट २०७४ श्रावणमा बढुवा तथा अवकाश हुनु भएका कर्मचारीहरु	११
१२.	श्री रामुप्रसाद डोटेल उपमहालेखा परीक्षकमा बढुवा	१२
१३.	महालेखा परीक्षकको कार्यालयबाट २०७४ असार र श्रावण महिनामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा विभिन्न तालिम सहभागी राजपत्रांकित कर्मचारीहरुको विवरण	१२

संरक्षक

माननीय महालेखा परीक्षक

श्री टंकमणि शर्मा (दंगाल)

सल्लाहकार

उप-महालेखा परीक्षक

श्री इश्वर नेपाल

सम्पादक मण्डल

संयोजक
श्री उद्धवचन्द्र श्रेष्ठ

सदस्य
श्री महेश पौड्याल

श्री श्यामप्रसाद भण्डारी

श्री दिपक आचार्य

श्री शंकरबाबु आचार्य

श्री नीलम साह

प्रकाशक

महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
website: oagnep.gov.np

सम्पादकीय.....

विगतका राजनैतिक, प्रशासनिक, व्यवस्थापकीय र लामो अवधि सम्म स्थानीय तहमा जनप्रतिनिधि विहिनता र कमजोर बाह्य जाँच तथा अनुगमन जस्ता कारणहरुले गर्दा मुलुकको वित्तीय प्रशासन र आर्थिक अनुशासनको अवस्था कमजोर रहँदै आएको छ। तर परिस्थितिमा परिवर्तन आई पुराना कमजोरी सच्याउने अवसर प्राप्त भएको छ। व्यवस्थापिका संसद र संसदीय समितिहरु क्रियाशील रहेका तथा स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिहरुले कार्य भारको थालनी गरी विकास निर्माण, सेवा प्रवाह, सार्वजनिक खर्च तथा स्रोत व्यवस्थापन गर्दै सुशासन प्रबर्द्धन गर्ने र आर्थिक अनुशासन कायम गर्ने अवसर प्राप्त भएको छ। तसर्थ यस्तो अवसरको उपयोग गर्दै आर्थिक अनियमितता नहुने गरी आर्थिक कारोवार गर्ने पद्धति स्थापित गर्न सम्बन्धित सबैले ध्यान दिनुपर्ने देखिएको छ।

मुलुकमा वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न महालेखा परीक्षकको कार्यालयको महत्वपूर्ण भूमिका रहेको र सोको लागि कार्यालयबाट आर्थिक बर्ष २०७३।०७४ को अन्तिम लेखापरीक्षण गर्ने कार्यप्रारम्भ भएको सन्दर्भ सम्बन्धीत सबैको पक्षबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा लिएका छौं।

माननीय महालेखा परीक्षकज्यूको सन्देश



नेपालको महालेखा परीक्षकको जिम्मेवारी सम्हालेको करीव अढाई महिना व्यतित भएको छ। निजामती सेवामा रही लामो अवधी वित्तीय व्यवस्थापन, लेखा र लेखापरीक्षण सम्बन्धि काम गरेको हुनाले यो विषय मेरो लागि नौलो होइन। तर सरकारी कार्यकारी अधिकार प्रयोग गरेर लामो समय सम्म आदेश, निर्देशन दिदैं तत्कालै नतिजा लिन अव्यस्त भएको मानिसलाई विगतमा भए गरेका काम कारवाहीका त्रुटी केलाएर अर्कोबर्ष प्रतिवेदन दिने कार्य भने नौलो र फरक लागेको छ।

नेपालको संविधानको धारा २४१ को उपधारा ३ बमोजिम महालेखा परीक्षकलाई आफ्नो कामका लागि लेखा सम्बन्धि कागजपत्र तथा जानकारी जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ र महालेखा परीक्षक र त्यसका कर्मचारीले मागेका जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ भन्ने व्यवस्थाले महालेखा परीक्षकले जुनसुकै बखत लेखापरीक्षण गर्न वा जानकारी लिन सक्ने नै देखिन्छ। तर नेपालको संविधानको धारा २९४ अनुसार संवैधानिक निकायहरुले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने भन्ने व्यवस्थाले महालेखा परीक्षकले वार्षिक प्रतिवेदनका लागि भने पर्खनु पर्ने अवस्था रहेको छ।

यस विषयमा विगतमा लेखापरीक्षण ऐन २०४८ मा तत्कालै कारवाही गर्नुपर्ने चल अचल राष्ट्रिय धनको हानी नोक्सानी भएको वा हुने देखिएमा तत् सम्बन्धमा महालेखा परीक्षकले जुनसुकै बेला पनि प्रतिवेदन बुझाउन सक्ने व्यवस्था थियो। लेखापरीक्षण ऐन २०४८ को संशोधन पश्चात उल्लेखित व्यवस्था हटाइएको छ। यसो हुनुमा विगतमा यो प्रावधानको प्रयोग नै नभएकोले झिकिएको भनाई रहेको छ। वित्तीय जवाफदेहिता पालना तथा आर्थिक अनुशासन कायम राखी वित्तीय प्रशासनमा सुधारको लागि यस्तो व्यवस्था आवश्यक पर्ने देखिन्छ। यस्तो व्यवस्था विश्वका प्राय सबै मुलुकहरुमा विद्यमान रहेको छ।

हाल सार्वजनिक वित्तीय प्रशासनमा लेखापरीक्षण नै नगराउने र लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन नहुने प्रबृति चूनौतीको रुपमा रहेका छन। हाल कतिपय सरकारी निकाय र सार्वजनिक प्रतिष्ठानहरुले बर्षौदेखि लेखापरीक्षण नै नगराएको पाइएको छ। तर लेखापरीक्षणबाट देखाएको व्यहोरा फछ्यौंट नगर्ने र लेखापरीक्षण नै नगराउने पदाधिकारीहरु उपर खासै कारवाही हुन सकेको छैन। यस्तो प्रबृतिले लेखापरीक्षण नगराउँदा वा लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर कारवाही न गर्दा केही फरक नपर्ने जस्तो सन्देश प्रवाह भएको छ। त्यसैले हाल महालेखा परीक्षकको कर्यालयबाट बक्यौता लेखापरीक्षण २०७४ भाद्र मसान्तसम्म सम्पन्न गर्न सम्बद्ध निकायका पदाधिकारीहरुलाई निर्देशन दिईएको छ। आशा गरौ सो अवधीसम्म निश्चित रुपमा केही प्रगती हुनेछ। यदि अपेक्षित प्रगती नभएमा लेखापरीक्षण नगराउदा के हुने रहेछ भन्ने सन्देश झल्कने कदम चाल्नु पर्ने अवस्था आउन सक्नेछ।

त्यस्तै लेखापरीक्षण सम्पन्न भएपछि लेखापरीक्षणबाट देखिएका व्याहोरा प्रतिवेदन प्राप्त भएको ३५ दिन भित्र फछ्यौंट गर्ने कानूनी व्यवस्था छ। तर बर्षौसम्म फछ्यौंट नगर्ने र पटक पटक एकै प्रकार र प्रकृतिको व्यहोरा दोहोरिने प्रबृति देखिएको छ। अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन दिएपछि लेखापरीक्षकले पुराना लेखा पटक-पटक परीक्षण, संपरीक्षण गर्ने प्रचलन उपयुक्त होइन। त्यसैले पुराना बर्षहरुको बेरुजु फछ्यौंटको एउटा कार्यतालीका बनाई राफसाफ गर्ने र अबको दिनमा कानूनले तोकिएको समयभित्र फरफारक गर्ने व्यवस्था गरिनु पर्दछ। यस बर्षको लेखापरीक्षण पश्चात देखिएका व्यहोराको प्रतिकृया लिई फछ्यौंट गर्ने अवधी कानूनले तोकेको ३५ दिन वा म्याद थप भएकोमा थपिएको म्यादसम्म मात्र कायम गरिएको छ। यसलाई कडाइका साथ पालना गर्न सम्बद्ध सबै पक्षसंग आग्रह गर्दछु।

महालेखा परीक्षकको स्वायत्तताको विषयमा पनि विश्वव्यापी रुपमै चासो र चर्चाको विषय बनेको पाईन्छ। लिमा घोषणापत्र र मेक्सिको घोषणापत्र अनुसार वित्तिय र प्रशासकीय लगायतका स्वतन्त्रताको बहस चलेको पाईन्छ। नेपालको सन्दर्भमा संविधानत : सैद्धान्तिक रुपमा महालेखा परीक्षक एक स्वतन्त्र निकाय नै छ। तर व्यवहारमा सरकारसंग निर्भरता रहेको अवस्था छ। महालेखा परीक्षकका आफ्ना कर्मचारी छैनन। निजामती सेवा ऐन अन्तर्गत लेखापरीक्षण सेवाका कर्मचारीको नेपाल सरकारबाट प्रशासन हुने गर्दछ। नेपालको संविधानको धारा २४१ को उपधारा ३ मा महालेखा परीक्षकका आफ्ना कर्मचारी रहने व्यवस्थाको परिकल्पना गरेको छ। विगतमा पनि लेखापरीक्षण सेवाका कर्मचारीको प्रशासन महालेखा परीक्षकबाटै हुने गरेको थियो। यो विश्वको प्रचलन र स्वायतताको मूलभूत विषय हो। यसलाई मुर्त्तरुप दिनका लागि लेखापरीक्षण सेवाका कर्मचारीको संचालन महालेखा परीक्षकबाट हुने गरी तत्काल कानूनी सुधारको जरुरी छ।

- टंकमणि शर्मा (दंगाल)
महालेखा परीक्षक

माननीय महालेखा परीक्षकज्यूको संयुक्त राष्ट्रसंघीय बैठकमा सहभागीता

२०७३ श्रावण १०, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालज्यू संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा २०१७ जुलाई २० र २१ मा सञ्चालन भएको Auditing Preparedness for the Implementation of the Sustainable Development Goals विषयक बैठकमा सहभागी हुनुभयो । उक्त बैठकमा दिगो विकासका लक्ष्यहरु र Whole of government Approach - What different for the auditor?, Auditing Inclusiveness, Auditing Capacities and chalange, Role of SAIs in Follow up and Review लगाएतका एजेण्डा उपर छलफल भयो । उक्त छलफलमा कार्यलयका निर्देशक श्री चन्द्रकान्त भण्डारी समेतको सहभागिता रहेको थियो ।



संयुक्त राष्ट्र संघीय बैठकमा सहभागी इन्टोसाई सदस्य मुलुकका महालेखा परीक्षक तथा अन्य पदाधिकारीहरुसँग सामूहिक तस्वीर लिदै महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)

छलफलको क्रममा महालेखा परीक्षकज्यूलाई ईन्टोसाई कम्यूनिटीको नयाँ सदस्य भएकोमा सबै सदस्यहरुले बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए । सो अवसरमा माननीय महालेखा परीक्षकज्यूले आफ्नो ६ वर्षे कार्यकालका काम कारवाही समेटेर तयार गरीएको कार्ययोजना (२०७४-२०८०) ले दीगो विकासका मूलभूत लक्ष्यहरु समेटेको समेत जानकारी गराउदै त्यसको प्रभावकारी कार्यान्वयन गर्ने बताउनु भयो।

कार्यक्रममा उपस्थित भारतका महालेखा नियन्त्रक तथा परीक्षक श्री शशीकान्त शर्मा, भुटानका महालेखा परीक्षक दासो छिरिङ केजाङ, दक्षिण अफ्रिकाका महालेखा परीक्षक श्री किमि मेक्वट, कुवेतका स्टेट अडिट ब्यूरोका कार्यकारी अध्यक्ष श्री एडेल अब्दुलजिज अलसरवी, फिलिपिन्सको कमिसन अन अडिटका अध्यक्ष श्री माइकल जि अगुईनाल्डो, क्यानाडाको महालेखा परीक्षकको कार्यालयकी वातावरण तथा दीगो विकास आयुक्त श्री जुलि गल्फान्ड र ईन्टोसाई सचिवालयका प्रतिनिधि श्री सिल्के स्टेनर तथा अन्य प्रतिनिधिहरुसंग आपसी हित र सहयोगका विविध विषयमा छलफल भएको थियो । भ्रमणका क्रममा महालेखा परीक्षकज्यूले न्यूयोर्क स्थित नेपाली महावाणिज्य दूतावासको अवलोकन समेत गर्नु भएको थियो ।

सञ्चारकर्मिहरूसँग लेखापरीक्षणका विविध पक्षमा छलफल

२०७४ श्रावण १५, महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको विधि, प्रक्रिया र लेखापरीक्षणको नतिजा सम्बन्धमा जानकारी गराई लेखापरीक्षणको प्रभाव बढाउन संचारकर्मीहरुसंग २०७४ श्रावण १४ र १५ मा काभ्रेपलाञ्चोकको धुलीखेलमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो।

कार्यक्रममा व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोर प्रसाद उपाध्याय, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, उप महालेखा परीक्षकज्यूहरु, व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका सचिव र विभिन्न २७ संचारमाध्यमहरुका संचारकर्मीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा महालेखा परीक्षकको जिम्मेवारी, दायित्व, लेखापरीक्षण गर्दा अपनाउने मानदण्ड, निर्देशिकाहरु, बेरुजू, सम्परीक्षण, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औल्याएका विषयहरु, महालेखा परीक्षाकको कार्ययोजना

क्रमशः पृष्ठ ७ मा



सञ्चारकर्मिहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुँदै सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोरप्रसाद उपाध्याय र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)

नेपाल सरकारका लेखा उत्तरदायी.....

निकायले गरेका काम कारवाही उपर आम नागरिकले लेखापरीक्षण टोलीसँग गुनासो राख्न सक्ने विषय अवगत गराउनु भयो । लेखापरीक्षण गर्दा देखिएका बेरुजूमा निर्णयकर्ता, लेखाउत्तरदायी पदाधिकारीहरुको नामसमेत प्रतिवेदनमा समावेश हुने विषय तर्फ ध्यानाकर्षण गराउदै लेखापरीक्षण प्रतिवेदनमा औल्याएका बेरुजूहरु ३५ दिन भित्र फछ्यौंट गर्ने विद्यमान कानूनी व्यवस्थाको लेखा उत्तरदायी



नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रमको झलक

अधिकृतहरुले पालना गर्नुपर्ने बताउनुभयो । लेखापरीक्षण गरिने निकायले वित्तिय विवरणहरु र श्रेस्ता समयमा उपलब्ध गराउने र आफ्नो मन्त्रालयसंग सम्बन्धित सार्वजनिक संस्थाहरुमा लेखापरीक्षण हुने वातावरण तयार गर्न सबै लेखा उत्तरदायी अधिकृतहरुलाई आग्रह गर्नुभयो।

उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री राजेन्द्र किशोर क्षेत्रीबाट महालेखा परीक्षकको कार्य योजनाको सफलताको कामना गर्दै नेपालको संघिय ढाँचा अनुसार वजेट प्रणाली सुरु भएको हुँदा विगतमा देखिएका बेरुजूहरु समाधान गरि आगामी दिनहरुमा बेरुजू सृजना हुन नदिन आवश्यक कदम चाल्नु पर्ने कुरा बताउनुभयो। उहाँले बजेट तथा कार्यक्रम प्रणालीमा मन्त्रालयका सचिवहरुले आवश्यक समय दिन नसक्दा सृजनशिलताको कमी भएकोले बेरुजू बढेको तथा भौतिक रुपमा उपलब्धि देखिए नदेखिएको मूल्यांकन हुनुपर्ने उल्लेख गर्दै लेखापरीक्षणमा सहयोग गर्न सबै लेखा उत्तरदायी अधिकृतहरुलाई आग्रह गर्नुभयो।

सो अवसरमा व्यवस्थापिका संसद सचिवालय महासचिव श्री मनोहर प्रसाद भट्टराईले महालेखा परीक्षकबाट आयोजित अन्तरक्रिया कार्यक्रम फलदायि रहेको बताउदै लेखापरीक्षणका लागि आवश्यक सहयोग गर्न तयार रहेको बताउनुभयो । सोही अवसरमा सर्वोच्च अदालतका मुख्य रजिष्टार श्री नहकुल सुवेदीबाट महालेखा परीक्षकको कार्यक्रम प्रति शुभकामना दिदै नेपाल सरकारको विभिन्न निकायहरुले आम्दानी र खर्च लेखाङ्कनको लागि प्रयोग गरेको सफ्टवेयरमा एकरुपता ल्याउन सके लेखाको सूचनाहरु केन्द्रमा नै उपलब्ध भै विद्युतिय माध्यमबाट लेखापरीक्षण गर्न सहयोग पुग्ने विषय उल्लेख गर्नुभयो।

यसै गरि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री शंकर प्रसाद अधिकारीले वित्तिय जोखिम स्थानिय तहसम्म पुगेको कुरा उल्लेख गर्दै आन्तरिक लेखापरीक्षणको क्षमता अभिवृद्धि गर्नुपर्ने जानकारी गराउनु भयो । साथै यूवा तथा खेलकुद मन्त्रालयका सचिव श्री महेश प्रसाद दहालले जनशक्तिको कमी रहेकोले लेखापालन तथा आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेको उल्लेख गर्नुभयो । सोही अवसरमा महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपालले आन्तरिक लेखापरीक्षण कार्यसमयमा नै सम्पन्न गर्न जनशक्ति अभावका रहेता पनि अन्तिम लेखापरीक्षण खटिने जिल्लाहरुको आन्तरिक लेखापरीक्षण समयमा सक्न आवश्यक निर्देशन जारी गरिएको तथा महालेखा नियन्त्रक कार्यालयले लेखाको सफ्टवेयर तयार गर्ने कार्य भैरहेको र उक्त कार्य चाडै सम्पन्न हुने बताउनुभयो।

लेखापरीक्षक उपर कारबाहीका लागि निर्देशन

२०७४ श्रावण ४, लेखापरीक्षण ऐन २०४८ को दफा ७(२) को व्यवस्था अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्ने व्यवस्था छ। नेपाल सरकारको अधिकांश शेयर स्वामित्वको नेपाल स्टक एक्सचेन्जको पूर्णस्वामित्व भएको सि.डि.एस एण्ड क्लियरिङ्ग लि. र नेपाल सरकारको अधिकांश शेयर स्वामित्वमा रहेको बुटवल धागो कारखाना लि. को क्रमश: २०६७/६८ देखि २०७२/७३ सम्म र २०५९/६० देखि २०७२/७३ सम्मको लेखापरीक्षण गर्दा उल्लेखित कानुनी व्यवस्था विपरीत हुने गरी परामर्श नलिई लेखापरीक्षक नियुक्तीगरी लेखापरीक्षण गरेको पाइयो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४(१३) विपरीत प्रचलित कानुनी व्यवस्था अनुसार लेखापरीक्षकमा नियुक्ती हुन आवश्यक रित पूरा भए नभएको एकिन नगरी एन.के. शर्मा एण्ड कम्पनी, एस.आर.पाण्डे एण्ड कम्पनी, टि. आर उपाध्याय एण्ड कम्पनी, कुवेर एण्ड कम्पनी, डी. मण्डल एण्ड कम्पनी र अर्याल एण्ड अर्याल चार्टर्ड एकाउन्टेन्ट कम्पनीहरु लेखापरीक्षक नियुक्त भई लेखापरीक्षण समेत सम्पन्न गरिसकेका छन्।

यसरी कानुन विपरीत लेखापरीक्षण स्वीकार गर्ने उपर कारवाही गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र कानुन बमोजिम उपरोक्त आर्थिक वर्षहरुको लेखापरीक्षण गराउन सम्बन्धित संस्थाहरुलाई महालेखा परीक्षकको तर्फबाट निर्देशन दिईएको छ।

महालेखा परीक्षकबाट लेखापरीक्षण टोलीलाई निर्देशन

२०७४ श्रावण १५, माननीय महालेखा परीक्षकज्यूबाट महालेखा परीक्षकको कार्यालयबाट गरिने आ.व. २०७३।७४ लेखापरीक्षणको सम्बन्धमा तयार गरीएको लेखापरीक्षण योजना कार्य तालिका, २०७४ अनुसार महालेखा परीक्षकको कार्यालयबाट पहिलो चरणमा १३ जिल्लाहरु काठमाडौँ, ललितपुर, भक्तपुर, हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट, बजाङ्ग, बाजुरा, मनाङ, मुस्ताङ र सोलुखुम्बुमा खटिने लेखापरीक्षण निर्देशक र टोलीका अन्य कर्मचारीहरुसँग छलफल कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा महालेखा परीक्षकज्यूले लेखापरीक्षण टोलीमा खटिने कर्मचारीहरुले पालना गर्नुपर्ने आचारण, लेखापरीक्षणको विधि, स्थानिय तहको लेखापरीक्षण, लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा निर्देशन दिनुभयो । महालेखा परीक्षकको कार्यालयले यस वर्ष सबै कार्यालयको लेखापरीक्षण गर्ने, लेखापरीक्षण गर्दा खर्चको उपलब्धिमा जोड दिनुपर्ने, बजेट व्यवस्थापन, योजना कार्यान्वयन, राजस्व, खरिद व्यवस्थापनमा जोड दिई लेखापरीक्षण गर्नुपर्ने निर्देशन दिनु भयो । साथै महालेखा परीक्षकको कार्यालयले वित्तीय लेखापरीक्षणको साथ साथै कार्यमुलक लेखापरीक्षणमा पनि जोड दिने कार्यालयको नीति रहने बताउनु भयो।

साथै उहाँले जोखिमको विश्लेषण गर्दा उपलब्ध तथ्याङ्क, विभिन्न सञ्चार माध्यमबाट प्रकाशित सुचनाको उपयोग गर्नुपर्ने, लेखापरीक्षण अवधि भरका लागी जिल्लामा लेखापरीक्षण कार्यालय खडा गर्ने, लेखापरीक्षण टोली खटिएको जानकारी सर्वसाधारणमा पुऱ्याउन सार्वजनिक रुपमा सुचना प्रकाशित गर्ने र प्राप्त सुचनालाई लेखापरीक्षणको क्रममा विशेष रुपमा हेरी लेखापरीक्षणलाई विश्वासनिय र भरपर्दो बनाउन तथा वित्तीय जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने गरी कार्यमा लाग्न सम्पुर्ण कर्मचारीहरुको ध्यान केन्द्रित हुनु पर्ने कुरामा जोड दिँदै अबको सार्वजनिक आर्थिक प्रशासन पारदर्शि बनाउन लेखापरीक्षण योजना कार्यतालिका २०७४ को कार्यान्वयन गर्न निर्देशन दिनु भएको थियो।



लेखापरीक्षणमा संलग्न हुने कर्मचारीहरुलाई निर्देशन दिँदै माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)

Audit Process



निर्देशक रमेश ढकाल

कानूनको पालनाले *Regularity* बढ्छ ।
कम लागतमा वस्तु पाउँदा, *Economy* हुन्छ ।
न्यून श्रोत गुणस्तरमा, दक्षताको माटो ।
अपेक्षा र वास्तविकता, प्रभावकारी पाटो ।
दृष्टिकोण र तरिकामा, औचित्यको मन्त्र ।
परीक्षणका विविध पक्ष, मार्गदर्शन यन्त्र ॥

योजना र कार्यक्रम, जोखिम छनौटको ।
Execution जब चल्छ, लेखा लेखाङ्कनको ।
प्रवेश बैंठक, बर्हिगमन, छलफल ड्राफ्टको ।
नतिजाको प्रतिवेदन, बजेट निकासाको ।
दायित्व छ अनगिन्ती, जवाफदेहिताको ।
सुशासन कहिले होला, दिगो दर्शिताको ॥

आँखा भित्र दृष्टि हुन्छ, लेखा भित्र प्रवेग ।
घटी बढि विचित्रको, कला शिप विवेक ।
जोड घटाउ भाग गुणा, लेखा खेल्ने, परेड ।
पात्र अनेक, दृष्टि अनेक, मोड अनेक अनेक ।
वेगसित पानी पर्दा, हुरी खेलाउनु छ ।
चिल्सा घुन बिँया टिपी, विस्कुन केलाउनु छ ॥

स्थानीय तहको लेखा तथा लेखापरीक्षण सम्बन्धमा अवलोकन भ्रमण

स्थानीय तहको लेखापरीक्षण गर्ने संवैधानिक व्यवस्था थप भए अनुसार स्थानीय तहको लेखा व्यवस्थापन, वित्तीय विवरण तथा प्रतिवेदन तयारी, आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धमा कार्यालयको क्षमता अभिवृद्धि गर्न तथा अन्तराष्ट्रिय असल अभ्यासहरु बारे जानकारी हासिल गर्ने उद्देश्यले महालेखा परीक्षकको कार्यालयका उपमहालेखा परीक्षक श्री बाबुराम गौतमको नेतृत्वमा निज सहित महालेखा परीक्षकको कार्यालयबाट ११ जना र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट ५ जना गरी १६ सदस्यीय प्रतिनिधि मण्डलले मित्र राष्ट्र मुलुकहरु इण्डोनेशीया, मलेशीया र सिंगापुरको २०७४ श्रावण ०८ देखि २१ गते सम्म भ्रमण सम्पन्न गरेको छ।



इन्डोनेसिया अडिट बोर्डका पदाधिकारीहरुसँग नेपालको प्रतिनिधि मण्डल

स्थानीय तहको लेखा तथा लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आवश्यक ऐन नियम परिमार्जनको कार्यभईरहेको र महालेखा परीक्षकको कार्यालयबाट समेत स्थानीय तहको लेखापरीक्षण सम्बन्धी कार्याविधि बनिरहेको छ। यसै सन्दर्भमा टोलीले नेपालको जस्तै शासन पद्धति अवलम्बन गरेका मुलुकहरु इण्डोनेशीया, मलेशीया र सिंगापुरका महालेखा परीक्षक कार्यालयको कार्य प्रकृति, संगठन संरचना, कानुनी व्यवस्था, लेखा प्रणाली, आन्तरिक र अन्तिम लेखापरीक्षणका विविध विषयमा द्विपक्षीय छलफल, अन्तरक्रिया तथा स्थलगत अवलोकन गरेको हो।

सो भ्रमणका माध्यमबाट कर्मचारीहरुलाई अन्तराष्ट्रिय अनुभव दिलाउनुका साथै मित्र राष्ट्रका महालेखा परीक्षकको कार्यालयसँग आपसी हित र सहयोगका क्षेत्रहरु बारे समेत छलफल भएको थियो।

सुशासन



अनुशासनमै माटो पहिचान सजाउँछ
अनुशासनमै बाटो गन्तव्यमा पुऱ्याउँछ
अनुशासनमै जैल्यै उचा बन्दछ स्वपन
दीगो छ जसरी सारा प्रकृतिमा सुशासन।

विभेद नगरी हिँड्ने घामको छ सर्धैं जय
विभेद नगरी खुल्ने यामको छ सर्धैं जय
निःस्वार्थ जूनको कैल्यै खोसिन्न मान, आसन
कर्म नै सम्झिए धर्म दीगो बन्छ सुशासन।

उदण्डता त कालो हो पुरस्कृत हुँदैन त्यो
भदौरे भेल थर्काई हिँड्छ प्यारो हुँदैन त्यो
सर्धैं शान्त सर्धैं सौम्य सामुन्द्री शिष्ठता झन
युगौंसम्म विलाउन्न, हो स्थायित्व सुशासन।

बाटो कर्तव्यको रोजे मिल्छ गन्तव्यको चुली
बोकी विकृतिको भारी के हुन्छ, मात्र खुल्दुली
सत्य भेटिन्छ खोजेमा मानेर अनुशासन
त्यहीँ मिल्छ सुसम्मान त्यहीँ खुल्छ सुशासन।

अनुशासित जो छैन त्यो नजिकिन्न बुद्धमा
त्यो बेला शक्ति नासिन्छ अनेकानेक युद्धमा
प्राप्ति आचार हो जाने, नजाने भन्दछन्धन
मेवा मिल्छ गरे सेवा त्यैं छ स्वच्छ सुशासन।

माझिए मनको कालो भ्रष्टाचार रहन्छ र ?
च्यातिए स्वार्थको जालो दुराचार रहन्छ र ?
धर्ती झैं सम्म छातीमा व्यभिचार रहन्छ र ?
सभ्य संसारमा कैले अत्याचार रहन्छ र ?

- विलोचन आचार्य
नायव महालेखा परीक्षक

नेपाल धितोपत्र बोर्डका अध्यक्षसँग छलफल

२०७४ श्रावण ३, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल र नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. श्री रेवत बहादुर कार्की बिच धितोपत्र बोर्डको कार्यक्षेत्र भित्र रहेका सरकारी तथा सार्वजनिक निकायहरुको लेखापरीक्षण, वित्तीय अनुशासन पालना र संस्थागत सुशासन लगायतका विषयमा छलफल भयो।

उक्त छलफलमा महालेखा परीक्षकज्यूले धितोपत्र बोर्डको कार्यक्षेत्र भित्र पर्ने संस्थानहरुको नियमनलाई प्रभावकारी बनाउने, समयमै लेखापरीक्षण गर्ने स्थिति तयार गरी त्यस्ता निकायको संस्थागत सुशासन, वित्तीय अनुशासन र पारदर्शीता प्रबर्द्धन गर्ने कार्यमा ध्यान दिन निर्देशन दिनुभयो।

त्यसैगरी लामो समयसम्म तोकिए बमोजिम लेखापरीक्षण नगराउने निकायको शेयर कारोबार रोक्का गर्ने तथा धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम र कानुनी व्यवस्थालाई समय समपेक्ष र स्पष्ट बनाउने तर्फ समेत बोर्डको ध्यानाकृष्ठ गर्नुभयो।

सञ्चारकर्मिहरुसँग.....

(२०७४-२०८०), सार्वजनिक लेखा समितिको कार्य प्रक्रिया र भूमिका एवं सार्वजनिक वित्तिय प्रशासनका विविध पक्षहरुमा संचारकर्मीहरुलाई जानकारी गराइएको थियो।

महालेखा परीक्षकको कार्ययोजना अनुरुप आयोजना गरीएको उक्त कार्यक्रममा व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोर प्रसाद उपाध्यायज्यूले सार्वजनिक वित्तिय सुशासनको लागि महालेखा परीक्षक र सार्वजनिक लेखा समितिको मात्र नभई संचार माध्यमहरुको पनि महत्वपूर्ण भूमिका रहने हुँदा संचार माध्यमबाट सोही अनुरुप योगदान हुने अपेक्षा गरिएको बताउनुभयो । सोही अवसरमा महालेखा परीक्षकज्यूबाट संविधान ऐन कानून बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताका पक्षहरुलाई विचार गरी लेखापरीक्षण गर्न कार्यालय दत्तचित्त रहने बताउनु भयो । उक्त अवसरमा कार्यालयले गरेका सुधारका प्रयासहरुको बारेमा समेत संचारकर्मीलाई जानकारी गराउनु भयो । साथै उहाँले लेखापरीक्षणको नतिजालाई जनस्तरसम्म पुऱ्याई वित्तिय अनुशासन कायम राख्न सार्वजनिक निकायहरुलाई दबाब दिने कार्यमा संचार क्षेत्रको भूमिका महत्वपूर्ण रहने हुदाँ सहकार्य गर्नुपर्ने मन्तव्य राख्नु भएको थियो।



कार्यक्रममा उपस्थित संचारकर्मी तथा अन्य पदाधिकारीहरुसँग सामुहिक तस्वीर लिदै सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोरप्रसाद उपाध्याय र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)

त्रिभूवन विश्वविद्यालय र नेपाल खानेपानी संस्थानका पदाधिकारीहरूसँग छलफल

२०७४ श्रावण २७, माननीय महालेखा परीक्षक र त्रिभूवन विश्वविद्यालयका उपकुलपति प्रोफेसर डा. श्री तीर्थराज खनियाँ, शिक्षाध्यक्ष श्री सुधा त्रिपाठी तथा नेपाल खानेपानी संस्थानका अध्यक्ष श्री परमेश्वर खनाल, का.मु. महाप्रबन्धक श्री भुपेन्द्र प्रसाद बिचति संस्थाको लेखापरीक्षणका विषयमा छलफल भयो।

उक्त छलफलमा माननीय महालेखा परीक्षकज्यूले त्रिभूवन विश्वविद्यालयको केन्द्रिय कार्यालय, परिक्षा नियन्त्रण कार्यालय, त्रि.वि. शिक्षण अस्पताल लगायत त्रि.वि. का आंगिक क्याम्पसहरुमा धेरै समय देखि लेखापरीक्षण नहुनु प्रचलित कानुन विपरित रहेको उल्लेख गर्नुभयो। उहाँबाट सो विश्वविद्यालयमा हुने आर्थिक कारोवारको अभिलेखनलाई लेखापालनका मान्य सिद्धान्त, विद्यमान ऐन, कानून बमोजिम चुस्तदुरुस्त राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण समयमा नगराएको विषयमा ध्यानाकर्षण भएको बताउनु भयो । सो अवसरमा त्रिभूवन विश्वविद्यालयका उपकुलपतिबाट विश्वविद्यालयको लेखापरीक्षण समयमा गराउन ३ दिन भित्र कार्य योजना बनाई समयमै लेखापरीक्षण सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

त्यसैगरी नेपाल खानेपानी संस्थानमा आर्थिक वर्ष २०६९/७० देखिको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी पठाएकोमा हालसम्म वित्तीय विवरण पेश नगरेको र लेखापरीक्षण सम्पन्न नगराएको विषय गम्भीर भएकोले यसतर्फ ध्यानाकर्षण गराउदै तत्काल सुधार गर्न निर्देशन दिनुभयो । सो अवसरमा संस्थानका अध्यक्ष तथा कायम मुकाय महाप्रवन्धकबाट आवश्यक कार्य योजना बनाई निर्धारित समयमा लेखापरीक्षण गराउने प्रतिवद्धता जनाउनु भयो।

बार्षिक लेखापरीक्षण योजना, २०७४

१. स्थलगत लेखापरीक्षण कार्यक्रम

१.१ स्थलगत लेखापरीक्षण टोली खटाउँदा महा/निर्देशनालयको कार्य प्रकृति (*Nature of work*) र कारोबारको भूगोल प्रधानता (*Geographically Centered*) समेतलाई विचार गरी देहायबमोजिम गर्ने व्यवस्था मिलाइनेछ । स्थलगत लेखापरीक्षणको अवधि आवश्यकता अनुसार ४५ दिनसम्म गर्न सकिनेछ।

जिल्ला वा क्षेत्र	टोली खटाउने अवधि	लेखापरीक्षण गरिने जिल्लाहरु	परिचालित कर्मचारी सङ्ख्या (अनुमानित)
हिमाली १० जिल्ला	२०७४ श्रावण १५ बाट	मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, बझाङ, बाजुरा, मुस्ताङ, मनाङ र सोलुखुम्बु	३६
काठमाडौं उपत्यका	२०७४ श्रावण १५ बाट दशैं अगाडि सम्पन्न गर्ने	काठमाडौं उपत्यका भित्र काठमाडौं, ललितपुर र भक्तपुर	सम्बन्धित महानिर्देशनालय/ निर्देशनालयबाट खटिने
काठमाण्डौ उपत्यका बाहिर पहिलो चरण ३५ जिल्ला	२०७४ कार्तिक ६ गतेदेखि मंसिर ५ गतेसम्म	सुर्खेत, जाजरकोट, रुकुम, रोल्पा, प्यूठान, सल्यान, गुल्मी, अर्घाखाची, पाल्पा, पर्वत, बाग्लुङ्ग, म्याग्दी, कास्की, स्याङ्गजा, लम्जुङ, तनहुँ, गोरखा, धादिङ, नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, उदयपुर, ओखलढुंगा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, संखुवासभा, पाँचथर, इलाम	३१९
काठमाण्डौ उपत्यका बाहिर पहिलो चरण २८ जिल्ला	२०७४ मंसिर अन्तिम हप्तादेखि २०७४ माघ १५ सम्म	दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, डोटी, अछाम, कैलाली, बाँके, बर्दिया, दैलेख, दाङ, रुपन्देही, नवलपरासी, कपिलवस्तु, चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, ताप्लेजुङ, झापा	३१९

* स्थानीय तह समेत

लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको क्षमता, सङ्ख्या, कार्यारम्भ र मितिजस्ता विषयहरूका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी कर्मचारीहरूको एक वा एकभन्दा बढी समूह बनाई तोकिनेछ । यस्तो टोली गठन गर्दा निर्देशनालयगत कार्यबोझ, उपलब्ध जनशक्ति तथा आयोजना हिसाब प्रमाणीकरण गर्नुपर्ने लगायतका विषयलाई ध्यान दिइनेछ।

स्थानीय तहको लेखापरीक्षणका लागि कार्यालयको टोली प्रमुखको मातहतमा रहने गरी आवश्यकता अनुसार अनुभवी विशेषज्ञ एवं विज्ञको सेवा लिई कार्य गर्ने व्यवस्था मिलाइने छ। साथै स्थानीय तहको विगतका बेरुजू अद्यावधिक रहे नरहेको परीक्षण गरी प्रतिवेदनमा औंल्याउने व्यवस्था मिलाइएको छ। लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम रहेको छ।

१.२ यस पटकको लागि सबै निकायको लेखापरीक्षण गरिनेछ । सबै निर्देशनालयले एकल कोष खाताको वित्तीय तथ्यांकको आधारमा मन्त्रालयगत योजना र कार्यालयगत लेखापरीक्षण योजनाको मस्यौदा तयार भए नभएको सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित नायब महालेखा परीक्षकको हुनेछ र सो को अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१.३ लेखापरीक्षण सम्पन्न पश्चात् प्रतिकृयाका आधारमा डोरमा नै बेरुजू फछ्यौंट गर्न जोड दिइनेछ। सो प्रयोजनका लागि निश्चित अवधि उपलब्ध गराइनेछ।

१.४ जिल्लास्तरमा लेखापरीक्षण डोर खडा गरी "महालेखा परीक्षकको कार्यालय, लेखापरीक्षण डोर मुकाम ....." राखी लेखापरीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

१.५ विकास निर्माण, सेवा प्रवाह र सार्वजनिक स्रोत साधनको हिनामिना वा दुरुपयोग भएकोमा जानकारी गराउन पत्रपत्रिका, रेडियो र टेलिभिजन मार्फत् सर्वसाधारणलाई अनुरोध गर्ने व्यवस्था मिलाइनेछ।

१.६ प्रत्येक लेखापरीक्षण टोलीको नाम नामेसी, इमेल, फोन नं. र लेखापरीक्षण गर्ने जिल्लाको अभिलेख वेभसाइटमा राख्ने व्यवस्था मिलाइनेछ। लेखापरीक्षण गर्न खटिएको डोरले जिल्लामा पुग्ना साथ लेखापरीक्षण शुरु भएको व्यहोरा, डोरमुकाम रहेको स्थान, टोली प्रमुखको नाम र सम्पर्क नम्बर सहित टोलीलाई आवश्यक राय सल्लाह एवं सुझाव प्रदान गर्ने सम्बन्धी कार्यालयबाट निर्धारित सूचना स्थानीय एफ.एम.बाट प्रशारण गर्ने व्यवस्था रहने छ । स्थलगत लेखापरीक्षण टोली

सम्बन्धित जिल्लामा पुग्दा कुनै कार्यालयले स्रेस्ता पेस गर्न नसकेमा वा नगरेमा तत्कालै सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई लिखित जानकारी गराई महालेखा परीक्षकको कार्यालयमा समेत जानकारी दिनुपर्नेछ।

२. सम्परीक्षण (Follow up Audit)

स्थलगत रुपमा टोली खटिएको अवस्थामा सोही टोलीबाट सम्परीक्षण गरिने छ । सो अतिरिक्त निर्देशनालयहरूले सम्परीक्षणको लागि अनुरोध भएकोमा १५ दिनभित्र किनारा लगाई मासिक रुपमा प्रतिवेदन पेस गर्ने, निर्देशनालय, महानिर्देशनालय, महाशाखा तथा महालेखा परीक्षकज्यूको उपस्थितिमा हुने नियमित बैठकमा समेत सम्परीक्षण एवं लेखापरीक्षण सम्बन्धमा मूल्याङ्कन एवं समीक्षा गरिनेछ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाएको ३५ दिनभित्र कारबाही गरी फछ्यौंट भएको व्यहोराको प्रगति लिई समीक्षा गरिनेछ। लेखापरीक्षणको क्रममा विगत वर्ष औंल्याइएका प्रमुख व्यहोराको कार्यान्वयन स्थिति अनुगमन गर्न इकाईगत लेखापरीक्षण योजनामा समावेश गरिनेछ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा कार्यालयले विगत वर्षको बेरुजूको अभिलेख राखे नराखेको र सम्परीक्षणका लागि पेस गरे नगरेको सम्बन्धी व्यहोरा उल्लेख गरिनेछ। आगामी वर्षदेखि आर्थिक कार्यविधि ऐन २०५५ को दफा १९ मा भएको व्यवस्था लागू गरिनेछ।

गत विगतका बेरुजूको सम्परीक्षण स्थलगत लेखापरीक्षणको क्रममा नै गर्ने व्यवस्था मिलाईने छ । चालू लेखापरीक्षणबाट देखिएका व्यहोरा जिल्लामा डोर रहेकै बखत फछ्यौंट गर्ने व्यवस्था गरिने, त्यसरी फछ्यौंट हुन नसकेको हकमा आर्थिक कार्यविधि ऐन तथा नियमबमोजिम ३५ दिनभित्र असुल फछ्यौंट गरी सम्परीक्षणका लागि अनुरोध गरे बमोजिम फछ्यौंट हुने र सो अवधिपछि सम्परीक्षणको कारबाही नहुने व्यहोरा सबै निकायलाई स्पष्टरुपमा जानकारी गराउने व्यवस्था मिलाइनेछ।

महालेखा परीक्षकको कार्यालयको २०७४ अषाढ मसान्त सम्मको सम्परीक्षण प्रगति

रु. हजारमा

सि.नं.	विवरण	चौबन्नौ वार्षिक प्रतिवेदन अनुसार बेरुजु लगत	सम्परीक्षणबाट फछ्यौंट बेरुजु जम्मा	जम्मा बाँकी	फछ्यौंट प्रतिशत
१.	सरकारी कार्यालय तर्फ	१७,१५,६५,७११	२५०२०७१८	१४,२१,०६,४८७	१४.५८
२.	समिति अन्य संस्थातर्फ	५,४२,२५,६०१	२४,३५,७७७	५,१९,२६,९४३	४.४९
	कुल जम्मा	२२,५७,९१,३१२	२,७४,५६,४९५	१९,४०,३३,४३०	१२.१६

३. यस वर्ष कार्यमूलक लेखापरीक्षणका लागि छनौट गरिएका विषयहरू

क्र.सं.	विषय
१.	भूकम्पपछिको पुनर्निर्माण तथा पुन:स्थापना स्थितिको मूल्याङ्कन
२.	काठमाडौं उपत्यका वातावरण प्रदूषण
३.	सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको अवस्था र उपयोग
४.	सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन
५.	राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण कार्यक्रम
६.	गैरकर राजस्वको क्षेत्र तथा कर मूल्याङ्कन
७.	प्राकृतिक स्रोतको उपयोग
८.	नेपाल सरकारले प्राप्त गरेको वैदेशिक स्रोतको प्रभावकारिता मूल्याङ्कन
९.	निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन
१०.	स्वास्थ्य सेवा, औषधि उपकरण र भौतिक पूर्वाधारको स्थिति विश्लेषण

४. यस वर्ष सूचना प्रविधि लेखापरीक्षणका लागि छनौट गरिएको विषय

क्र.सं.	विषय
१.	सरकारी निकायमा सञ्चालन गर्न प्रयोग गरिएको सूचना प्रविधि तथा एप्लिकेशन सफ्टवेयरको सूचना प्रविधि लेखापरीक्षण।

सरकारी लेखापरीक्षकको आचार संहिता, २०७० को परिच्छेद-२ अन्तर्गत आचरण सम्बन्धी आधारभूत सिद्धान्तहरू

१. निष्ठा: इमान्दारिता र निष्ठा आचारसंहिताको आधारभूत मान्यता हो। यसले निष्पक्ष व्यवहार तथा सत्यतालाई समेटेको हुन्छ। लेखापरीक्षण सेवा प्रदान गर्दा लेखापरीक्षकले निष्ठावान एवं स्पष्टवादी भई सार्वजनिक हितलाई सदैव ध्यान दिएर लेखापरीक्षण कार्यप्रति निष्ठा प्रकट गर्नुपर्दछ।

१.१ सरोकारवालाको दृष्टिमा आचरण माथि प्रश्न नउठ्ने गरी लेखापरीक्षकको व्यवहार, संस्कार, सीप र काम अभिव्यक्त हुनुपर्दछ।

१.२ लेखापरीक्षण पेशाप्रति इमान्दार भई स्वार्थगत विचारबाट मुक्त भएर पेशागत विश्वसनीयता कायम गर्नुपर्दछ।

१.३ लेखापरीक्षकले महालेखापरीक्षकको संवैधानिक र अन्य कानुनी व्यवस्था अनुरुप काम, कर्तव्य र अधिकार तथा लेखापरीक्षण नीति, निर्देशन, कार्यनीति र कार्यविधिको पूर्ण जानकारी राखी तदनुसार आफ्नो कर्तव्यको परिपालनामा प्रतिबद्ध रहनुपर्दछ।

१.४ लेखापरीक्षकले आफूले लेखापरीक्षण गर्ने निकाय वा सरोकारवालासँग कुनै पनि उपहार, दान, दातव्य र गैरकानुनी किसिमको लाभ प्राप्त गर्नु गराउनु हुँदैन।

२. स्वतन्त्रता, वस्तुपरकता र तटस्थता: लेखापरीक्षण कार्यसँग सम्बन्धित सबैविषयमा लेखापरीक्षण गर्ने संस्था र प्रत्येक लेखापरीक्षक कुनै किसिमको संगठनात्मक, व्यक्तिगत र बाह्य आँचबाट स्वतन्त्र रहनुपर्दछ। लेखापरीक्षण कार्य सम्पन्न गर्ने क्रममा लेखापरीक्षकले स्वतन्त्र प्रवृत्ति कायम रहने गरी आफ्नो कार्य सम्पादन गर्नुपर्दछ। लेखापरीक्षण गरिने निकाय र सोसँग चासो राख्ने बाह्य समूहबाट लेखापरीक्षक स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको विषय वा लेखापरीक्षणको प्रश्नको सम्बन्धमा वस्तुपरक ढङ्गले प्रस्तुत हुनुपर्दछ। हरेक पेशागत क्रियाकलापमा स्वतन्त्रता र तटस्थता देखिनु पर्दछ। लेखापरीक्षकले आफ्नो राय, निष्कर्ष, सुझाउ, विवेचना, सिफारिस र प्रमाणित गर्ने कार्य सरोकारवालाको दृष्टिमा निष्पक्ष भएको देखिने गरी गर्नुपर्दछ। साथै उसले सम्पादन गरेका हरेक कार्यका नतिजाहरू यथेष्ट तथा उचित प्रमाणबाट पुष्ट्याई हुनुपर्दछ।

२.१ लेखापरीक्षकले आफ्नो सोचाइ र विश्वासमा म सदैव आफ्नो पेशामा स्वतन्त्र छु भन्ने कुराको मनन मात्र नगरी आफ्नो स्वतन्त्रता माथि प्रश्न खडा हुन सक्ने अवस्थाको सिर्जना हुन नदिने सचेत रहनुपर्दछ।

२.२ लेखापरीक्षण गरिने निकाय र सरोकारवाला दुबै पक्षबाट लेखापरीक्षक स्वतन्त्र हुनु अपरिहार्य हुन्छ। लेखापरीक्षकले कुनै पनि किसिमबाट स्वतन्त्रतामा ह्रास आउने व्यवहार अभिव्यक्त गर्नु हुँदैन।

२.३ सरकारी लेखापरीक्षक, लेखापरीक्षणमा सहयोग पुऱ्याउने परामर्शदाता, विशेषज्ञहरुसमेत आफ्नो स्वतन्त्रतामा बाह्य दबाब र अनुचित प्रभाव पर्ने गरी सामान्यत: व्यक्तिगत, बाह्य र संगठनात्मक आँचबाट प्रभावित हुनुहुँदैन। लेखापरीक्षकले लेखापरीक्षण कार्यस्वीकार गर्न नसकिने अवस्था परेमा वा स्वीकार गर्दा नतिजामा असर पर्न गएमा वा असर पर्न जाने स्थिति भएमा सो असरको बारेमा स्पष्ट रुपले व्यहोरा खुलाउनु पर्दछ।

२.४ लेखापरीक्षण गर्दा स्वतन्त्रतामा प्रतिकूल अवस्था सिर्जना हुन दिनु हुँदैन। कुनै व्यक्ति, समूह, संगठन अथवा कुनै खास कार्यक्रमको उद्देश्यका सम्बन्धमा व्यवस्थापन पक्षसँग पूर्वाग्रह हुन जाने खालका कुनै पनि स्वार्थबाट टाढा रहनुपर्दछ। टाढा रहेको अनुभूति हुनुपर्दछ।

२.५ लेखापरीक्षण गरिने निकाय वा सरोकारवालासँग प्रत्यक्ष वित्तीय स्वार्थ राख्ने, अप्रत्यक्ष ढङ्गले सारभूत वित्तीय स्वार्थ गाँस्ने, कुनै आर्थिक लेनदेन वा फाइदा हुने कार्यगर्न, लेखापरीक्षण गरिने निकायका लगानी कर्ता भएको वा उसले लगानी गरेको कुनै अर्को निकायसँग वित्तीय स्वार्थ कायम राख्ने जस्ता कुराले लेखापरीक्षकको व्यावसायिक तथा पेशागत स्वतन्त्रतामा असर पर्न जान्छ। यस कुराले सरोकारवालाले लेखापरीक्षकको स्वतन्त्रतामा आँच आएको निष्कर्ष निकाल्न सक्ने हुनाले यसतर्फ लेखापरीक्षक सदैव सचेत रहनुपर्दछ।

२.६ लेखापरीक्षकले आफ्नो राय तथा मन्तव्यलाई प्रमाणित गर्ने टिपोट, प्रतिवेदन, व्याख्या उपयुक्त ढाँचामा तयार गरी ठोस र सान्दर्भिक प्रमाणबाट पुष्ट्याई गर्नुपर्दछ।

२.७ लेखापरीक्षकले सदा निष्पक्षरुपमा कार्य गरेको छ भन्ने कुरा अनुभूति गराउने र तेस्रो पक्षले पनि निजले सोही अनुरुप कार्य गरेको छ भनी स्वीकार गर्ने स्थिति हुनुपर्दछ।

२.८ लेखापरीक्षकले कुनै प्रकारको दबाब, पक्षपात, पूर्वाग्रह, मोलाहिजा नराखी निष्पक्ष रुपले लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्दछ।

२.९ लेखापरीक्षण क्रममा निष्पक्ष रुपमा प्रतिवेदन दिने कार्यमा प्रतिकूल असर पार्न सक्ने व्यक्तिगत र बाह्य दबाबको सम्बन्धमा पनि उचित ध्यान दिनुपर्दछ।

२.१० सरकार, सरोकारवाला र सर्वसाधारणप्रति लेखापरीक्षण कार्यको विश्वास जगाउन लेखापरीक्षकले पेशागत व्यवहार अनुरुप आफ्नो अभिव्यक्ति प्रकट गर्नुपर्दछ।

२.११ कार्यालयले राजनैतिक तटस्थता सदैव कायम राख्नु पर्दछ। व्यवस्थापिका संसद, कार्यपालिका र अन्य सरकारी निकायसँग निकट सम्पर्कमा रही काम गर्नुपर्ने हुनाले सरकारी लेखापरीक्षकले आफ्नो कर्तव्य पालना गर्दा र व्यावसायिक दायित्व निर्वाह गर्दा राजनैतिक प्रभावबाट मुक्त रहनुपर्दछ।

२.१२ लेखापरीक्षणको क्रममा लेखापरीक्षण गरिने निकायलाई कुनै सल्लाह वा सेवा प्रदान गर्ने सन्दर्भमा स्वार्थ नबाझिने तर्फ सचेत रहनुपर्दछ। लेखापरीक्षकले आफूलाई तोकिएको लेखापरीक्षण गरिने निकायबाट सो मातहतका कार्यालयको लेखापरीक्षण प्राप्त गर्ने र अरुलाई दिने वा दिलाउने काम गर्नुहुँदैन। आफ्नो वा एकाघर परिवार वा नजिकका नातेदारको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक स्वार्थ रहेको संस्थाको लेखापरीक्षण कार्यमा संलग्न हुनुहुँदैन।

२.१३ लेखापरीक्षकले आफूले लेखापरीक्षण गर्ने निकाय र सो निकायका पदाधिकारीलाई भनसुन गरी वा प्रभावमा पारी ठेक्कापट्टा तथा लाइसेन्स लिने र अरुलाई दिलाउने कार्य गर्नुहुँदैन।

२.१४ कार्यालयबाट सेवा निवृत्त भएका कर्मचारीले निवृत्त

भएको एक वर्षभित्र सम्बन्धित निकायको लेखापरीक्षण सम्बन्धी कार्यर परामर्श सम्बन्धी पारिश्रमिक लिने गरी नियुक्ति स्वीकार्ने वा अन्य कुनै सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

३. गोपनीयता: लेखापरीक्षकले पेशागत गोपनीयताको सम्मान गर्दै कामको सिलसिलामा मौखिक वा लिखित रुपमा जानकारीमा आएका सम्पूर्ण सूचना गोप्य राख्नु पर्दछ। त्यस्तो सूचना कानुनमा भएका व्यवस्था, अख्तियारवालाको स्वीकृति, व्यावसायिक कर्तव्य पालना वा विशेष स्वीकृति लिई प्रकाशमा ल्याउनु पर्ने अवस्थामा बाहेक तेस्रो पक्षलाई उपलब्ध गराउनु हुँदैन।

३.१ कानुनी वा पेशागत दायित्वको कारणबाट अभिव्यक्त गर्नुपर्ने र अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिई जानकारी गराउनु पर्ने अवस्थामा बाहेक लेखापरीक्षणको सिलसिलामा प्राप्त सूचनाको गोपनीयता भङ्ग गर्नु हुँदैन।

३.२ महालेखापरीक्षक वा निजबाट अधिकार प्राप्त गरेका व्यक्ति बाहेक कार्यालयका अन्य कुनै कर्मचारीले लेखापरीक्षणको सिलसिलामा आफूलाई प्राप्त सूचना सञ्चार माध्यम वा तेस्रो पक्षलाई उपलब्ध गराउनु हुँदैन। लेखापरीक्षकले लेखापरीक्षण गरिने निकाय र संस्थाबाट प्राप्त सूचना तथा जानकारी आफ्नो व्यक्तिगत वा कसैको निजी प्रयोजनका लागि उपयोग गर्नु हुँदैन।

४. सक्षमता: लेखापरीक्षण कार्य प्राविधिक, व्यावहारिक र पेशागत दक्षतामा आधारित हुने भएकाले लेखापरीक्षकमा यस सम्बन्धी ज्ञान, अनुभव, योग्यता र सक्षमता रहनुपर्दछ। लेखापरीक्षण कार्य सक्षमता एवं तटस्थ रुपमा सम्पन्न गर्न सदैव पेशागत मान अनुरुप कार्य गर्नु पर्दछ। लेखापरीक्षकमा प्रचलित लेखापरीक्षण, लेखा, वित्तीय व्यवस्थापन र अन्य विषयसँग सम्बन्धित मानदण्ड, नीति तथा कार्यविधिको ज्ञान र अभ्यास हुनुपर्दछ। लेखापरीक्षकले लेखापरीक्षण गरिने निकायको कार्य सम्पादनसँग सम्बन्धित कानुनी व्यवस्था, सिद्धान्त तथा मानदण्डहरुको ज्ञान हासिल गरेको हुनु पर्दछ।

४.१ लेखापरीक्षकले आफूमा नभएको दक्षता, क्षमता र अनुभव देखाउन खोज्नु हुँदैन। आफ्नो क्षमता सहित निश्पक्षता पूर्वक दायित्व निर्वाह गर्दा पेशागत मर्यादा कायम गर्नु पर्दछ।

४.२ लेखापरीक्षकले आफूले गर्न नसक्ने र नमिल्ने काम "गर्छु" भन्नु हुँदैन। कानुनी तथा आचरणगत व्यवस्था र आफ्नो कार्य क्षमता प्रतिकूल हुने किसिमको लेखापरीक्षण कार्य स्वीकार गर्नु हुँदैन।

४.३ लेखापरीक्षण कार्य कुशलता पूर्वक सम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, कुशलता र व्यक्तिगत गुण समय सापेक्ष र अद्यावधिक रुपमा कायम राख्न एक आपसमा अनुभवको आदान प्रदान गर्नु पर्दछ।

४.४ लेखापरीक्षकलाई लेखापरीक्षण गर्ने निकाय र संस्थाको सञ्चालन व्यवस्थाको बारेमा राम्रो ज्ञान हुनु पर्दछ। लेखापरीक्षकले आफ्नो कार्यमा लागू हुने लेखा तथा लेखापरीक्षण मान, वित्तीय व्यवस्थापनका सिद्धान्त, प्रक्रिया र प्रचलनबारे जानकारी राखी सोको सदैव परिपालना गर्नु पर्दछ।

४.५ लेखापरीक्षकले लेखापरीक्षणमा प्रमाणको सङ्कलन, विश्लेषण, मूल्याङ्कन, प्रतिवेदनको प्रस्तुतीकरण, सुझाव तथा लेखापरीक्षण मन्तव्य जारी गर्दा र जाँच तथा परीक्षण पद्धति, कार्यान्वयन विधि र लेखापरीक्षण कार्यको नतिजा मूल्याकन गरी प्रतिवेदन तयार गर्दा समेत उचित पेशागत सतर्कता अपनाउनु पर्दछ। उचित पेशागत सतर्कतामा लेखापरीक्षणको क्षेत्र, तरिका र पद्धति निर्धारण गर्दा प्रयोग हुने विवेकलाई जनाउँछ।

४.६ लेखापरीक्षकले पेशागत दक्षता अभिवृद्धि गर्नका लागि प्रत्येक वर्ष सरकारी बजेट, लेखा तथा लेखापरीक्षणका सिद्धान्त र सोको विकासक्रम, आर्थिक कार्यविधि ऐन तथा नियम, कर, राजस्व, सार्वजनिक खरिद, सार्वजनिक जवाफदेही, आन्तरिक नियन्त्रण प्रणाली लगायत वित्तीय व्यवस्थापनसँग सम्बन्धित पक्षको अनवरत पेशागत शिक्षा अन्तर्गत व्यावहारिक तालिम हासिल गर्नु पर्दछ।

लेखापरीक्षकले आफूसँग भएको पेशागत ज्ञान, अभ्यास मूलक सीप, कार्यक्षमता र अनुभवको सुनिश्चितता एवं अभिवद्धि गर्न निरन्तर पेशागत शिक्षा र तालिममा सहभागी हुनुपर्दछ।

महालेखा परीक्षकको कार्यालयबाट २०७४ श्रावणमा बढुवा हुनु भएका कर्मचारीहरु

सि.नं.	पद	कर्मचारीहरुको नाम	सुरु नियुक्ति	बढुवा मिति	कैफियत
१.	उपमहालेखापरीक्षक	श्री रामुप्रसाद डोटेल	२०५१/१२/०७	२०७४/०४/१२	
२.	निर्देशक	श्री श्याम प्रसाद भण्डारी	२०६६/०५/३१	२०७४/०४/३१	
३.	लेखापरीक्षण अधिकारी	श्री लक्ष्मण लामिछाने	२०५७/०७/२१	२०७४/०२/२५	
४.	लेखापरीक्षण अधिकारी	श्री हरि प्रसाद पाठक	२०५७/०७/२१	२०७४/०२/२५	
५.	लेखापरीक्षण अधिकारी	श्री नेत्र प्रसाद गौतम	२०५७/०७/२१	२०७४/०२/२५	
६.	लेखापरीक्षण अधिकारी	श्री प्रकाश के.सी.	२०५७/०७/२१	२०७४/०२/२५	

महालेखा परीक्षकको कार्यालयबाट २०७४ श्रावणमा अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरु

सि.नं.	पद	कर्मचारीहरुको नाम	सुरु नियुक्ति	अवकाश मिति	कैफियत
१	लेखापरीक्षण निरीक्षक	श्री केदारलाल महर्जन	२०४३।०९।२५	२०७४।०४।०२	
२	निर्देशक	श्री गोबिन्दप्रसाद लौडारी	२०४५।०३।०७	२०७४।०४।१०	
३	निर्देशक	श्री सिताराम सिग्देल	२०४१।०७।१४	२०७४।०४।१२	
४	लेखापरीक्षण अधिकारी	श्री खेमप्रसाद ढकाल	२०४७।०३।३१	२०७४।०४।१२	

श्री रामुप्रसाद डोटेल उप-महालेखा परीक्षकमा बढुवा

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०४/१२ को निर्णयानुसार यस कार्यालमा कार्यरत नायबमहालेखा परीक्षक श्री रामुप्रसाद डोटेल, निजामति सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको उप-महालेखा परीक्षक पदमा बढुवा भई महालेखा परीक्षकको कार्यालयमा पदस्थापना हुनु भएको छ।

उहाँले त्रिभूवन विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नाकोत्तर गर्नुभएको छ। लेखापरीक्षणको क्षेत्रमा उहाँको २८ वर्ष लामो अनुभव रहेको छ। उहाँ सार्वजनिक निर्माण, राजस्व र



कार्यमूलक लेखापरीक्षणको साथै विभिन्न लेखापरीक्षण मार्गदर्शन र निर्देशिका तयारीमा संलग्न हुनु भएको छ। साथै, उहाँले लेखापरीक्षणसँग सम्बन्धीत वित्तिय र कार्यमूलक लेखापरीक्षण, गुणस्तर आस्वस्तता पूनरावलोकन, सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापन र प्रशिक्षक प्रशिक्षण लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम प्राप्त गर्नु भएको छ।

महालेखा परीक्षकको कार्यालयबाट २०७४ असार र श्रावण महिनामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Staff College) मा विभिन्न तालिममा सहभागी राजपत्रांकित कर्मचारीहरूको विवरण

क्र.सं.	कर्मचारीको नाम	पद	तालिमको नाम
१.	श्री विश्वनाथ रेग्मी	नायब महालेखा परीक्षक	Senior Executive Development Programme (SEDP)
२.	श्री राममायाँ कुँवर	नायब महालेखा परीक्षक	Senior Executive Development Programme (SEDP)
३.	श्री नारायण एम.सी	निर्देशक	Advanced Course on Governance and State Management
४.	श्री इन्द्र प्रसाद आचार्य	निर्देशक	Advanced course on HRM
५.	श्री जयराम घिमिरे	निर्देशक	Advanced course on HRM
६.	श्री पदम प्रसाद आचार्य	निर्देशक	Advanced Course on Governance and State Management
७.	श्री भरत किशोर भट्टराई	निर्देशक	Advanced course on HRM
८.	श्री शम्भु कुमार श्रेष्ठ	निर्देशक	Advanced Course on Governance and State Management
९.	श्री रघुपति महत	निर्देशक	Certificate Course on Integrity Building
१०.	श्री तारा कुमार सुवेदी	लेखापरीक्षण अधिकारी	Certificate Course on Integrity Building
११.	श्री किशोर दुरा	लेखापरीक्षण अधिकारी	Professional Course on Management and Development
१२.	श्री किशोर पाण्डे	लेखापरीक्षण अधिकारी	Professional Course on Management and Development
१३.	श्री श्रीधर प्रसाद पन्त	लेखापरीक्षण अधिकारी	Professional Training on ICT and E-Governance for Non-IT officers.

महालेखा परीक्षकको कार्यालय

बबरमहल, काठमाडौँ

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोकेबमोजिमका निकायहरुको लेखापरीक्षण गर्न २०७४ श्रावण १५ देखि काठमाडौँ उपत्यका स्थित मन्त्रालय, विभाग एवं सरकारी कार्यालयहरु र बझाङ, बाजुरा, कालिकोट, हुम्ला, मुगु, जुम्ला, डोल्पा, मुस्ताङ, मनाङ र सोलुखुम्बु जिल्ला लगायत १० जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटाइएको छ। सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न सकिने हुँदा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ।

उल्लेखित १० जिल्लामा खटिने कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल यस कार्यालयको बेभसाइटमा समेत राखिएको छ। साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासो भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण सम्पन्न गराउने कार्यमा सहयोग पुऱ्याउन सर्वसाधारण सबैमा अनुरोध गरिन्छ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना:-
महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौँ।
पोष्ट बक्स नं. १३३२८
फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल: oagnep@ntc.net.np, info@oag.gov.np
वेभसाइट: www.oagnep.gov.np
कार्यालयको उजुरी पेटिका
सम्बन्धित जिल्लास्थित लेखापरीक्षण डोर मुकाम।